त्रिपुरासुन्दरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## पिस्कर, सिन्धुपाल्चोक

## बागमती प्रदेश, नेपाल

२०७३

त्रिपुरासुन्दरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पिस्कर, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

प.सं. :२०७९/०८०

च.नं. :

मितिः २०८०/०३/२७

### स्तरवृद्धि गर्ने सम्बन्धी सूचना !

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(१), नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ८४ "क" एंव वागमती प्रदेशको स्थानीय सेवा (गठन तथा) संचालन ऐन, २०७९ को दफा ९ को उपदफा १ र २, दफा ३० मा भएको स्तरवृद्धिको व्यवस्था बमोजिम तपसिलमा उल्लेखित शर्तहरु पुरा भएको समायोजन पूर्व नियुक्ति भई यस पालिकामा समायोजन भएका तथा कामकाजमा रहेका स्वास्थ्य सेवाका इच्छुक स्थायी कर्मचारीहरुले सम्बन्धित र आवश्यक कागजातहरु स्वास्थ्य शाखा प्रमुखबाट प्रमाणित गरी निवेदन सहित मिति २०८०/३/३० गते सम्ममा यस कार्यालयको प्रशासन शाखामा बुझाउनु हुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका र अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनलाई स्तरवृद्धिको प्रक्रियामा सामेल नगराईने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गराईन्छ ।

**स्तवृद्धिका लागि आवश्यक न्यूनतम योग्यता तथा शर्तहरु:**

१. स्वास्थ्य सेवा ऐन, २०५३ दफा ९ को उपदफा १ बमोजिमको सेवा अवधि पछिल्ला दुई वर्षको का.स.मु. मा कम्तीमा उत्तम अंक प्राप्त गरेको र तोकिएको दुर्गम तोकिएको सेवा अवधि काम गरेको प्रमाणित,

२. स्वास्थ्य सेवा ऐन, २०५३ दफा ९ को प्रतिवन्धात्मक व्यवस्था अनुसारको व्यवस्था भएमा सो कुरा उल्लेख गरिएको प्रमाण,

३. सोहि ऐनको दफा ९ 'क' मा रहेको नकरात्मक सूचीमा नपरेको खुल्ने कागजात ।

**आवश्यक कागजातहरु:**

१. सुरु नियुक्ति पत्र,
२. स्तर वृद्धि भएको भए सो पत्र,
३. जेष्ठता संशोधन भएको भए सोको पत्र,
४. हाल सम्मका सरुवा रमना र हाजिरी भएका पत्र,
५. सम्बन्धित शाखाको सिफारिस पत्र,
६. पछिल्लो दुई वर्षको रित पूर्वकको का.स.मु फाराम,
७. समायोजन पत्र तथा समायोजन संशोधन भए सोको पत्र,
८. अन्य आवश्यक विवरण भए खुलाउने ।

२०८०।०३।२६
ईश्वर प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

इमेलः tripurasundarisipa@gmail.com वेवसाइटः tripurasundarimunsindhupalchowk.gov.np

"कृषि, पर्यटन र उद्यमबाट हुन्छ पुरा-सुख, समृद्ध र संस्कृतिमय हाम्रो त्रिपुरा"